ईटहरी उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ईटहरी, सुनसरी
१नं. प्रदेश, नेपाल

केशव प्रसाद घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

## फारम आ.व. २०७६/०७७ को लागि आन्तरिक आय संकलन गर्ने बोलपत्र

सूचना प्रकाशित मिति २०७६।०५।६ गते

बोलपत्र फाराम दस्तुरः रु.३०००।—

रसिद नं.

मितिः२०७६।०५।०६

| क्र. सं. | ठेक्का नं | विवरण | न्यूनतम वार्षिक अंक रु. | बोलपत्रदाताले सकार गरेको अंक | | धरौटी रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | अंकमा रु. | अक्षरमा रु. | | |
| १. | १।०७६। ०७७ | शेहरा र बुढीखोला ढुंगा, गिट्टी, वालुवा मिक्सगिटी, भरौट ठेक्का | १,५५,५५,५५५। (एक करोड पचपन्न लाख पचपन्न हजार पाँचसय पचपन्न) | | | | खोलाहरुको नाका संख्या : ४ कुल परिणामः १,१४,३४८.८ घ.मि.मध्ये ३०,००० घ.मि.लोडिङ्ग सहित उपमहानगरपालिका लाई निशुल्क उपलब्ध गराउनु पर्ने छ। |

बोलपत्रदाताको सही तथा छापः

बोलपत्रको नाम,थरः

बोलपत्रदाताको स्थायी ठेगानाः

बोलपत्रदाताको सम्पर्क ठेगानाः

भ्याटमा दर्ता भएको भए दर्ता नं.

मितिः

८००४
☎ ८०५०
८१७०६

# इटहरी उप-महानगरपालिका
## Itahari Sub-Metropolitan City
## नगर कार्यपालिकाको कार्यालय
Office of The Municipal Executive

इटहरी, सुनसरी (Itahari, Sunsari)
१ नं.प्रदेश, नेपाल / Province No.1, Nepal

[.सं.:-०७६/०७७ कर
[.नं. :-

प्रथम पटक प्रकाशित मितिः-२०७६।५।६

सेहरा र बुढीखोलाको ढुंगा, गिटी ,वालुवा ,मिक्सगिटी,भरौट ,माटो कर ठेक्काको सूचना ।

इटहरी उपमहानगरपालिका द्धारा आ.ब.०७६।०७७ का लागि रकम र सरकारी ठेक्का बन्दोवस्त ऐन,२०२० को दफा ४ , आर्थिक ऐन २०७६ को दफा २० र स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ५९ र ६० अनुसार आन्तरिक आयहरु ठेक्काद्वारा बन्दोवस्त गर्न सेहरा र बुढीखोला ढुंगा, गिटी, वालुवा, मिक्सगिटी,भरौट ,माटो ठेक्का को ठेक्का लिन इजाजत प्राप्त इच्छुक फर्म/कम्पनीले देहायको मिति र समयमा तपसिलको शर्त बन्देजको अधिनमा रही बोलपत्र फारम यस कार्यालयबाट खरिद गरि शिलवन्दी बोलपत्र दर्ता गर्नु हुन वा सार्वजनिक खरिद अनुगमन कार्यालयको साइट www.bolpatra.gov.np/egp मार्फत बोलपत्र खरिद गरि पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागी राजश्व शाखामा कार्यालयको समय भित्र सम्पर्क राखि तथा समेत जानकारी लिन सकिनेछ ।

तपसिल

| क्र.सं. | ठेक्का नं. | ठेक्काको नाम | ठेक्का अवधि | न्यूनतम बार्षिक ठेक्का अंक रु. मु.अ. कर बाहेक | बोलपत्र फारम दस्तुर | बोलपत्र फारम खरीद गर्ने अन्तिम मिति | बोलपत्र फारम बुझाउने अन्तिम मिति र समय | बोलपत्र फारम खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| १ | ०१।२०७६। ०७७ | सेहरा र बुढीखोला ढुंगा गिटी वालुवा मिक्सगिटी,भरौट ठेक्का | २०७६ असोज महिना देखि २०७७ जेष्ठ मसान्त सम्म | १,५५,५५,५,५५। | रू ३०००। | २०७६।६।४ गते सम्म कार्यालय समय भित्र | २०७६।०६।५ गते दिउसो १२:०० वजे सम्म | २०७६।०६।५ गते दिउसो १४:०० वजे सम्म |

शर्तहरु

१. बोलपत्र फारम तोकिएको दस्तुर (पछि फिर्ता नहुने गरी) कर शाखाबाट तोकिएको समयमा खरिद गरि पेश गर्नु पर्नेछ ।

२. शिलवन्दी बोलपत्र साथ जमानत वापत कबोल गरेको अंकको नेपाली नागरिक भए ५ प्रतिशतले हुन आउने रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड इटहरीमा रहेको धरौटी खाता नं. ग-३०५९०३०००००००००३००००३ मा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न राखी तोकिएको मिति र समय भित्र यस कार्यालयमा दाखिला गर्नु पर्नेछ ।

३. इबिड मार्फत पेश गर्ने बोलपत्रदाताको हकमा बोलपत्र फाराम दस्तूर बापतको रकम यस कार्यालयको नाममा रहेको नेपाल बैंक लिमिटेड इटहरीको राजश्व खाता नं. ग/४-१-०५९०३००००००००४००१००२ मा रकम जम्मा गरेको भौचर संलग्न हुनु पर्नेछ ।

४. बोलपत्र फारम खरिद गर्ने अन्तिम दिन वा बोलपत्र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट उल्लेखित कार्यहरु उल्लेख गरिएको समयमा क्रमशः गरिनेछ ।

५. शिलबन्दी वोलपत्र खाममा शिलवन्दी गरी खामको वाहिर ठेक्काको ठेक्का नं, विषय खोली पेश गर्ने फर्मको नाम र छाप स्पस्ट लेखी, यस कार्यालयको नाम उल्लेख गरी पेश गर्नु पर्ने छ ।

६ रितपूर्वक दाखिला भएको शिलवन्दी बोलपत्रहरु कार्यालयका प्रतिनिधि र ठेकेदार वा निजका प्रतिनिधिको रोहवरमा खोलिने छ । तर ठेकेदार वा निजका प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

७. म्याद नाघी आएको वा रित नपुगेको वा कुनै शर्तराखी पेश भएको बोलपत्रलाई मान्यता दिईने छैन ।

८. दरभाउपत्र खरिद गर्न र पेश गर्न मुल्य अभिबृद्धी कर दर्ता प्रमाण पत्रको प्रमाणीत प्रतिलिपी, आ.ब. २०७४।०७५ को कर चुक्ता भएको प्रमाणीत प्रतिलिपी, इजाजत पत्रको २०७६ असार मासन्त नविकरण भएको प्रमाणीत प्रतिलिपी र इटहरी उप महानगपालिकाको २०७७ असार मसान्त सम्म नविकरण भएको व्यवसाय दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी अनिर्वाय संलग्न हुनुपर्ने छ ।

९. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक स्वीकृति गर्ने सर्वाधिकार यस उप-महानगरपालिका मा सुरक्षित रहने छ ।

१०. कार्यालय खुलेको दिन कार्यालय समय भित्र यस उपमहानगरपालिकाको राजश्व शाखामा आई विस्तृत विवरण बुझ्न सकिनेछ ।

११. यस उपमहानगरपालिका वाट स्विकृत IEE प्रतिवेदनमा उल्लेख भएका बुढीखोलाको खोर्सानेखाप नाका,याक्थुङ्ग/त्रिवेणी नाका ,डुमरटोका/दोभान/भट्टा नाका र सेराखोलाको खोर्सानेखाप नाका बाट

१२. नगरकार्यपालिकाले निर्णय गरे बमोजिमको दररेट अनुसार संकलन/विक्रीकर असुल गर्नुपर्नेछ।

**अन्य शर्तहरु**

१३. माथि उल्लेखित उत्खनन तथा संकलन क्षेत्रबाट ३०,००० (तिसहजार) घन मी. मिक्सगिटी लोडिङ्ग सहित इटहरी उपमहानगरपालिकालाई निशुल्क उपलब्ध गराउनु पर्नेछ।

१४. यस कार्यालयबाट स्विकृत IEE प्रतिवेदनमा उल्लेख गरेका क्षेत्रभन्दा बाहिर र उल्लेख भएको परिमाण भन्दा बढी उत्खनन/ संकलन / विक्री गर्न पाइने छैन।

१५. यो बोलपत्र फारम वमोजिम पर्न आएका कुनै वा सवै वोलपत्र फारमहरु कुनै कारण जनाई वा नजनाई स्वीकृत वा अस्वीकृत गर्ने सम्पुण अधिकार यस उप.म.न.पा.मा निहित रहने छ।

१६. ठेक्का रकम अग्रिम एकमुष्ठ ६.५% प्रतिशत मु अ कर सहित बुझाउन सकिनेछ। एक मुष्ठ रकम बुझाउन नसकी किस्तामा बुझाउने भएमा ठेक्का रकमलाई पहिलो ,दोस्रो,र तेस्रो किस्तामा सो मा लाग्ने ६.५% प्रतिशत मु अ कर रकम समेत बुझाउनु पर्नेछ। यसरी ३ तिन किस्तामा रकम बुझाउँदा पहिलो किस्ता रकम संझौता गर्नु अगावै नगद दाखिला गरि वाँकी रकमको हकमा २०७७ आसार मसान्त सम्म म्याद कायम रहेको वाणिज्य बैंकले जारी गरेको बैक जमानत पेश गरि दोस्रो र तेस्रो किस्ता वापतको रकम क्रमश: ०७६मंसीर र ०७६ फागुन मसान्त सम्ममा ६.५% प्रतिशत मु अ कर सहित जम्मा गरिसक्नु पर्नेछ।

१७. बोलपत्र स्वीकृत भई सो को जानकारी प्राप्त भएको १५ (पन्ध्र) दिन भित्र सम्झौता गरिसक्नु पर्नेछ। उक्त अवधि भित्र सम्झौता गर्न नआएमा नियमानुसार कारवाही अगाडि बढाइनेछ।

१८. ठेक्का कवोल गर्ने ठेकेदारले उपमहानगरपालिकाले तोकिएको कर उठाउदा प्रयोग गर्ने रसिदहरु ठेकेदारले आफ्नै तर्फबाट छपाई गरी सो रसिदहरु यस कार्यालयले तोकेको कर्मचारीबाट प्रमाणित गराई कार्यालयमा अभिलेख राखी मात्र प्रयोग गर्नुपर्ने छ। प्रमाणित नगरिएको रसिदबाट कर उठाएको जानकारी कार्यालयमा प्राप्त भई सो सावित भएमा नियमानुसार कानूनी कारवाही गरिन्छ। साथै रसिदको नमुना उपमहानगरपालिकाबाट उपलब्ध गराईनेछ।

१९. कुनै शर्त सहितको वोलपत्र फारम स्वीकार्य हुने छैन।

२०. राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट वा तगारो राखी कर संकलन गर्न पाइने छैन तथा राखेको पाइएमा नियमानुसार कारवाही गरिनेछ।

२१ .धरौटी वापत जम्मा गरिएको रकम एकमुष्ठ बुझाउने रकममा समायोजन गर्न पाइने छैन।

२२. ठेक्का स्वीकृत भएपछि सम्बन्धित ठेकेदारले बुझाउनु पर्ने कवोल गरेको ठेक्का रकम कार्यालयमा दाखिला गर्दा ६.५% प्रतिशत ले हुने मु.अ. कर समेत बुझाउनु पर्नेछ।

२३. यस कार्यालय वा नेपाल सरकारको हित विपरीत हुने कुनै काम गरेमा जुनसुकै बखत पनि ठेक्का तोडी अन्य व्यवस्था गर्न सकिने छ। यसरी ठेक्का तोडी अन्य व्यवस्था गर्दा पर्ने थप व्ययभार वा क्षति ठेकेदार स्वयंले व्यहोर्नु पर्नेछ ,क्षेतिपूर्ती असुल गर्दा बैंक ग्यारेन्टी र चलअचल सम्पत्ती दुवैबाट असुल गर्न सकिने छ।

२४. सम्बन्धित कर संकलनका लागि उपमहानगरपालिकाले तोकिएको स्थानहरु वा नाका बाहेक अन्य स्थानबाट कर दस्तुर उठाउन पाइने छैन।

२५. कर संकलन कार्य गर्दा कुनै व्यवधान वा समस्या परेमा दुई पक्ष बीच आपसी छलफलद्वारा समाधान गरिने छ। त्यस्तो छलफलबाट सहमति हुन नसकेमा उपमहानगरपालिकाको निर्णय अन्तिम हुनेछ र सो निर्णय मान्नु ठेकेदारको कर्तव्य हुनेछ।

२६. बन्द, हड्ताल तथा अन्य मानव सृजित कारणहरुबाट सृजना हुने अवरोधका कारण कर छुट वा मिनाहा दिने छैन।

२७. एक व्यक्ति वा फर्मको नाममा खरिद गरेको बोलपत्र फाराम अर्को व्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाइने छैन।

२८. ढुङ्गा, गिटी वालुवा जस्ता पदार्थहरु नदिबाट उत्खनन् गर्दा प्रचलित कानून तथा कार्यपालिका बैठकको निर्णय तथा निर्देशन पालना गर्नुका साथै नदिको प्राकृतिक वहावलाई प्रतिकुल असर नहुने गरी नदिको channeling गरेर मात्र उत्खनन् गर्नु पर्नेछ।

२९ यस ठेक्काको लागि सम्झौता अवधि २०७६ असोज १ गते देखि २०७७ जेष्ठ मसान्तसम्म मात्र कर संकलन गर्न पाउने गरी समयावधि कायम गरिएको छ।

३०. उक्त वोलपत्र फारामसाथ पेश गर्ने कागजातहरु नोटरी पब्लिकबाट प्रमाणित भएको हुनु पर्नेछ।

३१. उक्त वोलपत्र फाराममा कवोल गरेको अङ्क वापतको रकम यस उपमहानगरपालिकालाई बुझाउँदा चेक मार्फत कारोवार गर्न पाइने छैन। कार्यालयले उपलब्ध गराएको खातामा जम्मा गरी सोको भौचर पेश गर्नु पर्नेछ।

३२. ठेकेदारले राखेको धरौटी रकम सम्बन्धमा ठेक्का अवधि समाप्त भएपछि आन्तरिक राजश्व कार्यालयबाट कर समायोजन पत्र लिई नगरपालिकामा पेश गरेपछि मात्र निजको धरौटी फिर्ता दिइनेछ।

३३. गत विगत वर्षमा यस उपमहानगरपालिकालाई ठेक्का रकम तिर्न बाँकी वक्यौता रहेको फर्म वा कम्पनीको बोलपत्र मान्य हुने छैन।

३४. ढुङ्गा, गिटी मिक्स गिटी वालुवा तथा भरौट माटो आदि निकाल्दा अर्काको घर जग्गा कुलो बाध बाटो आदि क्षति हुने गरी निकाल्न पाइने छैन। यदी क्षेति भएमा ठेकेदार आफैले व्यहोर्नुपर्ने छ।

३५. शिलबन्दी वोलपत्र दाखिला गर्ने अन्तिम दिन दिनको २ बजे यसै कार्यालयमा वोलपत्र दाता वा निजहरुको प्रतिनिधिहरुको रोहोवरमा खोलिने छ। सो समयमा वोलपत्र दाता वा निजहरुको प्रतिनिधिहरुको उपस्थिति नभए पनि वोलपत्र खोल्न वाधा पर्ने छैन। वोलपत्र फाराम खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा ती कामहरु क्रमश भोली पल्ट हुनेछ।

३६. खोलाजन्य बस्तु ओसार पसार गर्दा बिग्रिएका श्रोत क्षेत्रका बाटाहरुको ठेकेदारलेनै मर्मत गर्नुपर्नेछ ।

३७. संझौता गर्न अगावै ठेक्का कबोलेको रकम बुझाउने ठेकेदारलाइ १० प्रतिषत छुट दिइने छ ।

३८. ,सेहरा/बुढीखोलाको ढुंगा, गिटी ,वालुवा ,मिक्सगिटी,भरौट ,माटो कर ठेक्काको विक्री दर नगर कार्यपालिकाको निर्णय बमोजिम तपसिल बमोजिम हुने छ ।

**विक्रीकरको दर**

| सि.नं | विवरण | विक्रीकर दर रु. प्रतिघन फिट | कैफियत |
|---|---|---|---|
| १ | ढुंगा, गिट्टी, मिक्सगिट्टी, ग्राभेल | ४ | |
| २ | बालुवा | ३ | |
| ३ | माटो (भरौट र बलौटे) | २।५० | |

३९. यस सूचनामा उल्लेख भएका सर्त यसै बमोजिम र नभएका कुराहरु को हकमा प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

प्रमुख प्रशासकिय अधिकृत

इटहरी उपमहानगरपालिका